Pragysn, Volume : 6, Issue1, 2078, ISSN : 2661-6068

# पर्वत जिल्लाको खण्डकाव्य परम्परा

डा.प्रेमप्रसाद तिवारी*
Email: tiwari.prem828@gmail.com

**लेखसार**

*पर्वत जिल्लाको खण्डकाव्य परम्पराको थालनी कालीभक्त पन्तको किसान गीता नामक कृतिबाट भएको हो । यस जिल्लामा रचिएका कृतिमा सामाजिक, राजनीतिक, धार्मिक आदि विषयको प्रयोग गरिएको पाइन्छ । यस जिल्लामा रचिएका काव्यमा समसामयिक समस्याको उद्घाटन, नारी चेतनाको प्रस्तुति, देशप्रेम, आध्यात्मिक चेत, सामाजिक विकृतिको विरोध, कर्तव्यबोध, ऐतिहासिकता, रुढि तथा अन्धविश्वासप्रति वितृष्णा, समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचारको विरोध समकालीन शासन व्यवस्थाप्रति वितृष्णा, राजनैतिक परिवर्तनको चाहना, जातीय विभेद, आर्थिक विषमताप्रति व्यङ्ग्य विद्रोह गर्नेजस्ता प्रवृत्ति प्राप्त गर्न सकिन्छ । यस जिल्लामा रचिएका कृतिमा सामाजिक यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा, भक्ति धारा (पौराणिक), वीर धारा, शृङ्गारिक धारा, परिष्कारवादी धारा, समसामयिक धाराजस्ता धाराहरू पाइन्छन् ।*

शब्दकुन्जी : प्रयोजन, विधा, प्रबन्धात्मक, आख्यानचूर्ण, मझौला



* उपप्राध्यापक : त्रि.वि. (बुटवल बहुमुखी क्याम्पस, रुपन्देही)

# KHANDAKAVYA TRADITION OF PARBAT DISTRICT

**Dr. Prem Prasad Tibari**

## Abstract

*The Khandakavya tradition of Parbat district started from Kali Bhakta Pant's work called Kisan Gita. Social, political, religious etc. are used in the works written in this district. Poetry composed in this district reveals contemporary issues, presentation of feminine consciousness, patriotism, spiritual consciousness, opposition to social distortions, sense of duty, historicity, disgust towards stereotypes and superstitions, exploitation in society, oppression, injustice, disgust towards contemporary regime, and desire for political change. There is a tendency to rebel against discrimination and economic inequality.The works written in this district include social realist stream, romanticist stream, progressive stream, devotional stream (mythological), heroic stream, erotic stream, sophistication stream, contemporary stream.*

Keywords: purpose, genre, managerial, narrative, medium

## विषयपरिचय

नेपालका पाँचओटा प्रदेशमध्ये गण्डकी प्रदेशमा पर्ने पर्वत पहाडी भौगोलिक संरचना भएको जिल्ला हो । यस जिल्लामा साहित्यलेखनको प्रयास माध्यमिक कालबाटै भएको मौखिक जानकारी पाइए पनि लिखित साहित्यको शुभारम्भ भने १९९४ सालमा प्रकाशित गोमा शर्माको *जलन* शीर्षक कविताबाट हुन पुग्यो । राष्ट्रिय साहित्यमा विभिन्न धारा र प्रवृत्ति मौलाइसकेको अवस्थामा पनि साहित्यसृजनाको प्रारम्भिक खाकाका लागि पर्वत जिल्लाले लामो समयको प्रतीक्षा गर्नुपऱ्यो । २०११ सालमा प्रकाशित कालीभक्त पन्तको *किसान गीता* नामक कृतिले नै पर्वत जिल्लाको पहिलो प्रबन्ध रचना बन्ने अवसर प्राप्त गऱ्यो । यही पृष्ठभूमिबाट विकसित भएको पर्वत जिल्लाको खण्डकाव्यको विकास कसरी भएको छ ? र यस जिल्लाका खण्डकाव्यकारले के कस्ता प्रवृत्ति अङ्गीकार गरेका छन् ? भन्ने समस्याहरूको समाधानमा यो लेख केन्द्रित रहेको छ । पर्वत जिल्लाको खण्डकाव्यपरम्परा र प्रवृत्ति निरूपण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । लेख तयार पार्नका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय तथा क्षेत्रीय अध्ययन विधिका माध्यमबाट गरिएको छ । यस लेखमा प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत खण्डकाव्यकारका मूल कृति र तिनका जीवनीसँग सम्बन्धित व्यक्तिगत विवरण रहेका छन् भने द्वितीयक स्रोतअन्तर्गत पर्वत जिल्लाका खण्डकाव्यकारका बारेमा गरिएका अध्ययन, समीक्षा तथा टिप्पणीहरू रहेका छन् । यस लेखमा विश्लेषणात्मक पद्धतिभन्दा विरणात्मक पद्धतिलाई पछ्याइएको छ । यस लेखमा ऐतिहासिक सर्वेक्षणका लागि ऐतिहासिक पद्धतिको उपयोग गरी निष्कर्षसम्म पुगिएको छ ।

## खण्डकाव्यको सैद्धान्तिक अवधारणा

खण्ड र काव्य दुईओटा फरक संरचना मिलेर बनेको खण्डकाव्य शब्दले जीवनको एक खण्ड वा खण्ड जीवनको चित्रण गर्ने साहित्यिक विधालाई बुझ्क्षाउँछ । धर्म, अर्थ, काम र मोक्षमध्ये कुनै एकको प्राप्तिलाई मुख्य प्रयोजन मानी रचिएको काव्य नै खण्डकाव्य नामबाट सम्बोधित हुने गर्दछ । खण्डकाव्य एक घटना वा मनोदशामा आश्रित एवम् एक चरित्र विशेषमा निर्भर हुन्छ (उपाध्याय, २०६८, पृ. ९२) । खण्डकाव्यमा कुनै एक क्षणको प्रस्तुति भएको हुन्छ । प्राचीन समयमा काव्य शब्दको प्रयोग साहित्यका सबै विधालाई बुझ्ाउन गरिएको भए पनि अहिले काव्य शब्दको अर्थ केवल कवितात्मक संरचनामा आबद्ध प्रबन्धात्मक रचनामा मात्र सीमित भएको छ । खण्डकाव्यमा कथा, पात्र र जीवनको कुनै एक पक्ष वा जीवनदृष्टिमा एक देशीयता हुन्छ ( थापा, २०६६, पृ. ६४) । जीवनको एक पक्षको चित्रण खण्डकाव्यमा गरिएको हुन्छ । आधुनिक समीक्षाशास्त्रअनुसार लयात्मकताको निर्वाह हुने गरी रचना गरिएको फुटकर कविताभन्दा विस्तृत आयाम बोकेको कथावस्तुका रूपमा आख्यान वा आख्यानचूर्णलाई व्यक्त गर्ने खालको रचनालाई काव्य शब्दले बुझ्ाउँछ। यसरी हेर्दा गीतिकाव्य, खण्डकाव्य, महाकाव्यलाई काव्य शब्दले चिनाउन थालेको पाइन्छ। लघु रूपभन्दा ठुलो र बृहत् रूपभन्दा सानो जीवनजगत्को एक खण्डको चित्रण गरिएको कविताको मध्यमस्तरको रूपलाई मझ्ौला रूप (खण्डकाव्य) भनिन्छ। यसरी विभाजन गरिएका कविताका विभिन्न प्रकारहरूमध्ये मझ्ौला भेदमा पर्ने खण्डकाव्यले जीवनको खण्डविशेषलाई विषयका रूपमा अभिव्यक्त गरेको हुन्छ । विविध प्रसङ्ग, घटनावलीको वैविध्य वा कथानकका शाखा प्रशाखा यसमा हुँदैनन् र यो तीव्र गतिले एक तथ्यतिर हानिएको हुन्छ (पोखरेल, २०५६, पृ. २०१८) । जीवनको कुनै एक पक्षको चित्रण हुने खण्डकाव्य आख्यानात्मक तथा अनाख्यानात्मक दुवै प्रकारका हुन्छन् । बद्ध वा मुक्त लयको प्रयोग गरी मानव जीवनको कुनै एक खण्ड प्रस्तुत गरिएको सर्गबद्ध वा सर्गविहीन कविताको मझ्ौला आकारको रचना नै खण्डकाव्य हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## पर्वत जिल्लाको खण्डकाव्य परम्परा

पर्वत जिल्लाको साहित्यलेखन परम्परा नेपाली साहित्यको आधुनिक कालबाट प्रारम्भ भएको हो । हुनत १९६४ सालतिर पर्वत मल्लाजका नरहरि सुवेदीले सवाई छन्दमा कविता लेखेको जानकारी प्राप्त भए पनि अहिलेसम्म उनका प्रामाणिक रचनाहरू फेला पर्न सकेका छैनन् (छोटा, २०५३, पृ. ७–८) । यसैले आधुनिक कालसम्म पर्वत जिल्लामा आधिकारिक कविता लेखनले गति प्राप्त गर्न सकेको छैन । तत्कालीन समयमा अशिक्षाको तुवाँलो व्याप्त हुनु, चेतनको कमी हुनुजस्ता कारणले माध्यमिक कालमा साहित्यको सृजना हुन नसकेको हो (छोटा, २०५५, पृ. १२) । माध्यमिक कालमा साहित्यको गतिविधि निकै कम देखिन्छ । नेपाली साहित्यको आधुनिक कालको प्रथम प्रहरका रूपमा परिचित परिष्कारवादी धाराको अभ्युदयको अवधिसम्म पनि पर्वत जिल्लामा साहित्यसृजनाको प्रयास भएको पाइँदैन । अहिलेसम्म प्राप्त पर्वत जिल्लाको पहिलो प्रकाशित प्रमाणिक कविता गोमादेवी शर्माको *जलन* हो (तिवारी, २०६१, पृ. ३८) । १९९४ सालदेखि फुटकर कविता लेखन तथा प्रकाशन गर्ने परम्पराको सुरुवात भए तापनि यस जिल्लाबाट खण्डकाव्यात्मक कृतिको प्रकाशन भने २०११ सालदेखि भएको देखिन्छ । २०११ सालमा प्रकाशित कालीभक्त पन्तको *किसान गीता* खण्डकाव्य नै यस जिल्लाबाट प्रकाशित प्रथम कविताकृति पनि हो र खण्डकाव्यात्मक कृति पनि हो (तिवारी, २०६१, पृ. ३८) । निम्नवर्गीय किसानहरूमाथि हुने शोषण, दमन, अन्याय, अत्याचारका विरुद्ध सङ्घर्ष गर्न आह्वान गरिएको प्रस्तुत कृतिले पर्वत जिल्लामा प्रगतिवादी मान्यताको थालनी गरेको छ । पर्वत जिल्लाको खण्डकाव्यपरम्पराको थालनी नै प्रगतिवादी धाराबाट भएको पाइन्छ । पर्वत जिल्लाको खण्डकाव्य परम्पराको अवलोकन गर्दा नारायणप्रसाद उपाध्यायको *गिरिवरधारण* (२०२०) पूर्ण संरचनामा बाँधिएको खण्डकाव्य हो भने कालीभक्त

पन्तको *किसान गीता* (२०११) पहिलो पटक प्रकाशित कृति हो । पहिलो कविता १९९४ सालमा प्रकाशन भए पनि खण्डकाव्य कृतिका लागि १७ वर्ष प्रतीक्षा गर्नुपरेको इतिहास भेटिन्छ (तिवारी, २०७४ख, पृ. १७) । पर्वत जिल्लामा खण्डकाव्य कृति प्रकाशनका लागि लामो समय प्रतीक्षा गर्नुपरेको भेटिन्छ ।

पर्वत जिल्लाको खण्डकाव्यपरम्परामा अर्को प्रवृत्तिका रूपमा नारायणप्रसाद उपाध्यायले भित्र्याएको भक्ति धारा देखापर्दछ । उनी भक्ति धाराका कविका रूपमा देखापर्दछन् । यिनको कृति *गिरिवरधारण* (खण्डकाव्य : २०२०) मा पौराणिक विषयको प्रयोग पाइन्छ । नारायणप्रसाद उपाध्यायको *गिरिवरधारण* (खण्डकाव्य : २०२०) पूर्ण संरचनाको खण्डकाव्य खण्डकाव्य हो (तिवारी, २०७४ख, पृ. १७) ।

शान्तिनारायण श्रेष्ठ पनि पर्वत जिल्लाको खण्डकाव्य परम्परालाई गति प्रदान गर्ने अर्का प्रतिभा हुन् । यिनले प्रबन्ध रचनाभन्दा गीत, गजल, मुक्तक आदिको रचना गरेका छन् । यिनका *गुप्तेश्वर* (खण्डकाव्यः २०२७) र *स्मृतिका लहरहरू* (शोककाव्य : २०६०) नामक खण्डकाव्य कृति रहेका छन् । यिनले समाजका वास्तविकतालाई विषयका रूपमा पस्कने कार्य गरेका छन् । यिनका रचनामा वर्णनात्मक शैलीको अवलम्बन गरी ऐतिहासिक, सामाजिक, राजनैतिक विषयलाई आफ्ना रचनामा प्रस्तुत गरेका छन् (तिवारी, २०७४ख, पृ. १७) । शान्तिनारायण श्रेष्ठका रचनामा प्रेमप्रणय, यौन उत्पीडन बिडम्बना, शोषण, दमन, नारीपीडा, सामाजिक समस्याको उठान गरिएको छ ।

स्वतन्त्रताको प्रभाव साहित्यिक रचनामा समेत परेको पाइन्छ । नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापना भयो । यसले जनतामा चेतना र शिक्षाको विकास गराइदियो । समाज र साहित्यका बिचमा अत्यन्त नजिकको सम्बन्ध रहन्छ । साहित्य कहिल्यै पनि राजनीतिबाट विमुख हुन सक्दैन । पर्वत जिल्लाको साहित्यसिर्जनालाई २००७ सालदेखि २०१५ सालसम्म देखिएको राजनैतिक अस्थिरताले पनि प्रत्यक्ष प्रभाव पारेको भेटिन्छ (तिवारी, २०७४ख, पृ. १७) । २०१७ सालमा आएको राजनैतिक परिवर्तनले साहित्यकारहरूको अभिव्यक्ति सामर्थ्यलाई प्रतीकात्मक बनाइदिएको छ । यति वेलाका रचनामा विसङ्गति, समाजका खराब पक्षको उद्घाटन र शोषण दमन, अन्याय, अत्याचारको विरोध गर्दै असल समाज निर्माणको सन्देश प्रवाह गरिएको छ । नेपाली साहित्यको मूल धारमा २०३६ सालभन्दा अगाडि देखापरेका मुख्य प्रवृत्तिहरूको निरन्तरता पनि पर्वत जिल्लाको साहित्यमा भएको पाइन्छ । पर्वत जिल्लामा खण्डकाव्य रचना गर्ने प्रतिभाहरूले आध्यामिकताप्रतिको प्रबल राग, राष्ट्रप्रेम, नीति चेत, पौराणिकता, नारीहरूले भोग्नुपरेका पीडा, जातीय विभेद, स्थानीयता, आधुनिकताले ल्याएको विकृति र विसङ्गतिप्रति व्याङ्ग्य, मानवीय संवेदना, सामन्ती प्रवृत्तिको विरोध, निम्नवर्गप्रति सहानुभूति, मानवीयताको ह्रासप्रति असहमतिजस्ता विशेषताको प्रयोग गरी साहित्य सृजना गरेका छन् (तिवारी, २०७४ख, पृ. १७) । कविता लेखनमा देखिएको स्वतन्त्रताको प्रभाव पर्वत जिल्लाका रचनामा समेत परेको पाइन्छ ।

पर्वत जिल्लाको साहित्यिक विकासका लागि यहाँका पत्रपत्रिकाको भूमिका पनि अमूल्य रहेको छ । पर्वत जिल्लाको कविता लेखनलाई गतिशीलता प्रदान गर्नका लागि यहाँका साहित्यिक संस्थाको भूमिका अमूल्य रहेको छ । कविता सृजनाको प्रारम्भिक अवस्थामा स्थापना भएका साहित्यिक सङ्घसंस्था तथा पत्रपत्रिकाको योगदान पनि उल्लेखनीय देखिन्छ । *मोती पुस्तकालय* (२०१६) ले यस जिल्लाको शिक्षा तथा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । त्यस्तै यस समयावधिमा प्रकाशित भएका *आँकुरो* (२०१८), *पालुवा* (२०२३), *प्रतिभा* (२०२७), *इच्छाको फूल* आदि साहित्यिक पत्रिकाहरूले कविता र अन्य रचनाहरू प्रकाशन गरेर कवि प्रतिभाहरूमा उत्साह सञ्चार गरेको पाइन्छ (तिवारी, २०७४ख, पृ. १७) । साहित्यिक संस्थाको क्रियाशीलताले यहाँको खण्डकाव्य लेखनलाई थप शक्ति प्रदान गरेको भेटिन्छ ।

२००७ सालमा स्थापना भएको प्रजातन्त्रले नेपाली जनातामा स्वतन्त्रताको सञ्चार गरेको भए पनि २०१७ सालमा भएको राजनीतिक परिवर्तनले पुनः जन चाहना कुण्ठित बनाएको पाइन्छ । यसैको प्रतिक्रियास्वरूप लेखकहरूले प्रतीकात्मक लेखन शैलीलाई अङ्गीकार गर्न पुगेका छन् । २०३६ सालको जनमतसङ्ग्रहको घोषणापछि कवि साहित्यकारहरूमा उत्साह आएको पाइन्छ । उनीहरूले आफ्ना रचनामार्फत् बहुदलीय व्यवस्थाका पक्षमा लाग्न जनतालाई आग्रह गरेका छन् । जनमतसङ्ग्रहमा प्रजातन्त्रवादीहरू पराजित भएपछि कविहरूले प्रतीकात्मकरूपमा आफ्ना अनुभूतिहरूलाई कवितामार्फत् व्यक्त गर्न थाले जसको फलस्वरूप कवितामा केही दुरूहता पनि देखिन थाल्यो (तिवारी, २०७४ख, पृ. १८) । समाजमा व्याप्त अन्याय तथा अत्याचारको विद्रोह गर्दै साहित्य लेख्ने परिपाटी पर्वत जिल्लाका कविमा पनि पाइन्छ । समाजको अव्यवस्थाको अन्त्यका लागि लेखकले आफ्ना कलमका मध्यमबाट आवाज उठाएका छन् ।

पर्वत जिल्लाको कविता परम्परामा देखापरेका कृतिहरू बलराम उपाध्यायको *किसान* (खण्डकाव्य : २०४१) र *सिद्धार्थ* (खण्डकाव्य : २०४३), टीकाराम शर्मा पौडेलका *दीपक* (खण्डकाव्य : २०४५) र *प्रणय-वियोग* (खण्डकाव्य : २०४५) आदि खण्डकाव्य कृतिहरू उल्लेख्य रहेका छन् । यी कृतिहरूमा २०३६ सालको जनमतसङ्ग्रहको घोषणापश्चात् देखापरेका स्वतन्त्रताका छिटाहरू पाउन सकिन्छ । यी कृतिहरूले समाजमा व्याप्त विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, नारीका पीडाको चित्रण र सामन्ती प्रवृत्तिको अन्त्य हुनुपर्ने धारणा राखेका छन् ।

पर्वत जिल्लाको खण्डकाव्य परम्परामा सृजित भएका कृतिहरू युगीन राजनीतिक परिवर्तनबाट मुक्त छैनन् । समाजको राजनीतिक व्यवस्थाबाट यी कृतिहरू प्रत्यक्ष प्रभावित रहेका छन् । २०४६ सालको जनआन्दोलनले कविहरूको निरन्तर रूपमा चल्दै आएको प्रवृत्तिलाई नयाँ मोडतर्फ फर्काएको छ । २०४६ सालको स्वतन्त्र वातावरणमा रचिएका कृतिले पञ्चायती अतिवादको विरोध गर्दै स्वतन्त्रताका पक्षमा आवाज उठाएका छन् । यति वेलाका कृतिमा पञ्चायती व्यवस्थाले ल्याएका खराब पक्षको आलोचना गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको समर्थनका पक्षमा आवाज उठाइएको छ । पर्वत जिल्लाको खण्डकाव्य परम्परामा २०४६ सालपछिको खुला राजनैतिक वतावरणले केही नयाँ प्रतिभाहरू जन्माएको छ । यति वेला लक्ष्मीराज शर्मा पौडेलका *युधिष्ठिरको कुकुर* (खण्डकाव्य : २०४६) ले महाभारतीय विषयको उपयोग गरी कृतिको रचना गरेका छन् । उनले यिनै कृतिका माध्यमबाट नेपाली समाजको वास्तविकताको पर्यवेक्षण गरेका छन् । यस्तै पं. नारायणप्रसाद पौडेलको *श्रद्धाञ्जली* (२०५४), खेमनाथ पौडेलको *हलीकी च्याथरी* (२०५६), सदानन्द अभागीको *जीवनलीला* (खण्डकाव्य : २०५८), श्रीकृष्ण घायलको *नवीनमुना* (खण्डकाव्य : २०५८), थानेश्वर गौडेलको *गरिबको व्यथा* (२०५९), मुरलीधर शर्मा पौडेलको *मातृस्मृति* (खण्डकाव्य : २०६०), कृष्णादेवी शर्माको *स्मृतिको एक झिल्को* (खण्डकाव्य : २०६२), दयाराम पौडेलको *अश्रुधारा* (२०६२), गोपालप्रसाद भुसालको *कुसुम* (२०६२), हीराबहादुर के.सी.को *रगतको होली* (२०६४) र *घर छोड्दाको रात* (२०६९), टुकनारायण रेग्मीको *बेलुराम* (२०६८) (तिवारी, २०७४ख, पृ. १८) आदि कृतिहरूले पर्वत जिल्लाको भौगोलिक संरचनाका माध्यमबाट नेपाली खण्डकाव्य परम्परामा योगदान दिएका छन् ।

पर्वत जिल्लामा रचना गरिएका खण्डकाव्यहरूले राजनीतिक परिवर्तन पछाडिको खुला राजनैतिक वातावरणमा काव्यहरू रचना गरेका छन् । यस वेलाका कृतिमा तत्कालीन पञ्चायती व्यवस्थाले निम्त्याएका खराबीहरूलाई विषय चयन गरिएको छ । त्यस्तै खण्डकाव्यकारले पूर्वीय तथा पाश्चात्य साहित्यमा देखापरेका साहित्यिक नित्य नवीन प्रवृत्तिलाई आत्मसात् गरेका छन् । पर्वत जिल्लाका कविहरूले समसामयिक समस्याको उद्घाटन, नारी चेतनाको प्रस्तुति, देशप्रेम, आध्यात्मिक चेत, सामाजिक विकृतिको विरोध, कर्तव्यबोध, ऐतिहासिकता, रुढि तथा अन्धविश्वासप्रति वितृष्णा, समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचारको विरोध समकालीन शासन व्यवस्थाप्रति वितृष्णा, राजनैतिक परिवर्तनको चाहना, जातीय विभेद, आर्थिक

विषमताप्रति व्यङ्ग्य विद्रोह गर्नेजस्ता प्रवृत्तिको प्रयोग गरेका छन् (तिवारी, २०७४ख, पृ. १८) । त्यसैले पर्वत जिल्लामा रचना गरिएका कृतिले सामाजिक, राजनीतिक, आर्थिक, पौराणिक, आध्यात्मिक तथा समसामयिक विषयको वरण गरेका छन् ।

पर्वत जिल्लामा रचिएका खण्डकाव्यमा सामाजिक, पौराणिक, आध्यात्मिक, राजनीतिक र समसामयिक विषयवस्तु प्रयोग गरिएको पाइन्छ । विषयको विविधता पाइए पनि यहाँ रचना गरिएका कृतिले सामाजिक तथा समसामयिक सन्दर्भलाई प्राथमिकतामा राखेका छन् । आयामगत दृष्टिले पर्वत जिल्लामा रचिएका खण्डकाव्यहरू लघुदेखि मध्यम आकारका रहेका छन् । आकार साना भए पनि ती कृतिमा खण्डकाव्यका विशेषता सन्निहित पाइन्छ । त्यसैले पर्वत जिल्लाको खण्डकाव्य परम्परामा यी कृतिलाई समावेश गरिएको हो । पर्वत जिल्लाका कविले विषयको स्रोतअनुसार पात्रको चयन गरी काव्यको रचना गरेका छन् । कुनै काव्यमा अधिक पात्रको प्रयोग भएको छ भने कुनै काव्यमा अल्प पात्रको प्रयोग पाइन्छ । लयविधानका दृष्टिले पनि यस जिल्लामा रचना भएका काव्यमा विविधता रहेको पाइन्छ । कुनै काव्यहरू लोकलयमा आधारित छन् भने कुनै काव्यमा वर्णमात्रिक छन्दको प्रयोग पाइन्छ । सामान्य पाठकले समेत सजिलै बुझ्न सक्ने गरी सरल भाषाशैलीको उपयोग गरी काव्यको रचना गरिएको छ । दोहोरो कथनपद्धतिको उपयोग गरिएका यस जिल्लामा रचना भएका काव्यमा स्थानीय बिम्बको प्रयोग भेटिन्छ । काव्यकारले आफ्ना रचनामा स्थानीय लघु विम्ब तथा अर्थालङ्कार र शब्दालङ्कारको प्रयोग गरी आफ्ना कविताको काव्यशिल्प निर्माण गरेका छन् । समग्र आधुनिक नेपाली कवितामा देखापरेका परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, समसामयिकजस्ता प्रवृत्तिहरू पर्वत जिल्लाको कवितापरम्परामा भेटिन्छन् (तिवारी, २०७४ख, पृ. १९) । विषय, पात्र, परिवेश, छन्द, शैली अदिका दृष्टिले पर्वत जिल्लामा रचिएका कृतिहरू उत्कृष्ट रहेका छन् ।

पर्वत जिल्लाको साहित्यिक विकासमा लोकसाहित्यको महत्त्वपूर्ण भूमिका रहेको छ । पहाडी जिल्लाका रूपमा रहेको पर्वतमा लोकसाहित्यका विभिन्न विधाहरूले पुष्पित र पल्लवित हुने अवसर नेपाली साहित्यको प्राथमिक कालभन्दा अघिदेखि नै प्राप्त गरेका थिए । लोकसाहित्यका विभिन्न विधाका पृष्ठभूमिमा नै पर्वतको शिलष्ट साहित्यले विकसित हुने अवसर प्राप्त गरेको हो । नेपाली साहित्यको प्राथमिक कालमा कुनै कवि पर्वत जिल्लाको साहित्य सेरोफेरोमा देखा परेनन् । नरहरि सुवेदीले माध्यमिक कालमा सवाई छन्दमा कविता रचना गरेको जानकारी पाइए तापनि उनका रचना अहिलेसम्म उपलब्ध छैनन् ।

यसरी पर्वत जिल्लाको साहित्यलेखन तथा प्रकाशन परम्पराको थालनी गोमादेवी शर्माले १९९४ सालको *शारदा* पत्रिकामा प्रकाशित *जलन* कविताबाट भएको देखिन्छ । यसै पृष्ठभूमिमा पुस्तकाकार कृति *किसान गीता* प्रकाशन गरेर कालीभक्त पन्तले २०११ सालदेखि पर्वत जिल्लाको साहित्यिक परम्परालाई नयाँ गति दिएका हुन् । नारायणप्रसाद उपाध्यायले २०२० सालमा *गिरिवरधारण* नामक कृति रचना गरेपछि पर्वत जिल्लाले पूर्ण संरचनाको खण्डकाव्य प्राप्त गरेको हो । पर्वत जिल्लाको खण्डकाव्य परम्परालाई निरन्तर रूपमा अग्रगति प्रदान गर्नका लागि गोमादेवी शर्मा, शान्तिनारायण श्रेष्ठ, नारायणप्रसाद उपाध्याय, बलराम उपाध्याय रेग्मी, टीकाराम शर्मा, कृष्णादेवी शर्मा, लक्ष्मीराज शर्मा पौडेल, सदानन्द जैसीजस्ता स्रष्टाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## पर्वत जिल्लाको खण्डकाव्यको मूल धारा र प्रवृत्ति

पर्वत जिल्लामा रचिएका खण्डकाव्य कृति सामाजिक यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा, भक्ति धारा (पौराणिक), वीर धारा, शृङ्गारिक धारा, परिष्कारवादी धारा र समसामयिक धाराहरूको प्रयोग पाउन सकिन्छ । पर्वत जिल्लाको खण्डकाव्य परम्परामा पाइने प्रमुख प्रवृत्तिलाई निम्न ढाँचामा प्रस्तुत गर्न सकिन्छ :

**सामाजिक यथार्थवादी धारा :**

पर्वत जिल्लाको खण्डकाव्य परम्परामा मुख्य प्रवृत्तिका रूपमा सामाजिक यथार्थवादी धारा आएको पाइन्छ । यस धारामा गोमादेवी शर्माका *इन्दु* (२०४२), *तिरस्कृत आत्मा* (२०४३), *अञ्जु* (२०४६), लक्ष्मीराज शर्मा पौडेलको *युधिष्ठिरको कुकुर* (२०४६), थानेश्वर गौडेलको *गरिबको व्यथा* (२०५९), कृष्णादेवी शर्माको *स्मृतिको एक झिल्को* (२०६२) हीराबहादुर के.सी.को *रगतको होली* (२०६४) र *घर छोड्दाको रात* (२०६९) जस्ता कृतिहरू रचना गरिएका छन् । यी कृतिहरूमध्ये कृष्णादेवी शर्माको *स्मृतिको एक झिल्को* खण्डकाव्यमा नारीको मातृत्वसँग सम्बन्धित विषयको उपयोग गरिएको छ (शर्मा, २०६२, पृ.ज) । यस धाराका कविहरूले बालविवाह, बहुविवाहको विरोध, पीडित नारी जातिप्रति सहानुभूति, कर्तव्यबोध, सामाजिक दायित्व, सामाजिक विकृति, दाइँजो प्रथा, युद्धका पीडाजस्ता विशेषतालाई अङ्गीकार गरेका छन् (तिवारी, २०७४ख, पृ. ६८) । सामाजिक यथार्थवादी धारामा रचिएका कृतिहरू गुणात्मक दृष्टिले उत्कृष्ट तथा परिमाणात्मक दृष्टिले पनि धेरै नै रहेका छन् ।

**स्वच्छन्दतावादी धारा :**

स्वच्छन्दतावादी धारा पर्वत जिल्लाको खण्डकाव्य परम्पराको अर्को महत्त्वपूर्ण तथा सफल धारा हो । यस धारामा कलम चलाउने प्रतिभा गोमादेवी उपाध्याय हुन् । उनले रचना गरेका कृतिमा यथार्थवादी विषयलाई स्वच्छन्दतावादी शैलीशिल्पमा प्रस्तुत गरिएको छ । उनकै सक्रियतामा स्वच्छन्दतावादी काव्य धाराले निरन्तरता प्राप्त गरेको हो । यिनका *इन्दु* (२०४२), *तिरस्कृत आत्मा* (२०४३), *अञ्जु* (२०४६) स्वच्छन्दतावादी काव्य धारामा आबद्ध रहेका छन् । त्यस्तै टीकाराम शर्मा पौडेलका *दीपक* (२०४५), *प्रणय वियोग* (२०४५) जस्ता खण्डकाव्यहरू पनि स्वच्छन्दतावादी काव्य धारामा आबद्ध रहेका छन् । *दीपक* खण्डकाव्यमा हाम्रै समाजको अतीतोन्मुखी विषयको चयन गरिएको छ (न्यौपाने, २०४५क, पृ. क) । ग्रामीण जीवनको अतीतको विषय अभिव्यक्त भएको जानकारीका आधारमा कृति स्वच्छन्दतावादी रहेको स्पष्ट हुन्छ । *दीपक* खण्डकाव्यको विषयवस्तु अतीतोन्मुखी भए पनि अझै यस्ता परिपाटी हाम्रा गाउँले जीवनबाट हटिनसकेको कुरा म आफैं देख्न पुगेको छु (शर्मा, २०४५क, पृ. क) भन्ने भनाइले पनि यो खण्डकाव्य स्वच्छन्दतावादी रहेको कुरा पुष्टि गर्दछ । । टीकाराम शर्मा पौडेलको *प्रणय वियोग* कृतिमा पनि वियोगात्मक अवस्थासँग सम्बन्धित विषय उपयोग गरिएको छ । यसमा पूर्व प्रणयको सम्झना र त्यसैको विरह पोखिएको छ (भट्टराई, २०४५ख, पृ. घ) । विगतको स्मरणमा आधारित विषयका कारण पनि यो काव्य स्वच्छन्दतावादको नजिक रहेको छ । त्यस्तै लेखक स्वयम्ले पनि *प्रणय वियोग* खण्डकाव्यलाई विरहव्यथाको सँगालो हो (शर्मा, २०४५ख, पृ. छ) भनेका कारण पनि यो कृति अतीतोन्मुखी बन्न पुगेको छ । अतीतको विषयलाई व्यक्त गर्ने पद्धति स्वच्छन्दतावादको विशेषता रहेका कारण यी कृतिहरू स्वच्छन्दतावादी बन्न पुगेका हुन् । यी खण्डकाव्यहरूमा प्रकृतिको चित्रण, मानवतावादी स्वर, जीवनका अनेक अप्ठ्यारा परिस्थितिहरूको चित्रण, सरल र सरस भाषाशैलीजस्ता विशेषताहरूलाई आत्मसात् गरेका छन् । मानवजीवनमा देखिएका विकृति तथा विसङ्गतिको चित्रण पनि यस्ता काव्यमा गरिएको पाइन्छ (तिवारी, २०७४ख, पृ. ६८) । यहाँ रचिएका कृतिमा यथार्थवादी विषय भए पनि शैलीशिल्प स्वच्छन्दतावादी रहेको छ ।

**प्रगतिवादी काव्य धारा :**

गरिबको शोषण, दमन, अन्याय, अत्याचार, सामन्तहरूको विरोध, नयाँ समाज निर्माणको चाहनाजस्ता विशेषताहरूसहित प्रगतिवादी काव्य धारामा कालीभक्त पन्तको *किसान गीता* (२०११) नामक कृति जन्मिएको छ । यस कृतिमा किसानहरूमाथि गरिने शोषण, अन्याय, अत्याचारजस्ता पक्षलाई विषय बनाइएको छ (तिवारी, २०७४क, पृ. ५१) । पहिलो खण्डकाव्यात्मक रचनाका रूपमा आएको यस कृतिमा जागरणको आवाज सुसेलेको पाइन्छ ।

**भक्ति धारा (पौराणिक धारा) :**

पहिलो पूर्ण आकारको खण्डकाव्य कृतिका रूपमा प्रकाशित नारायणप्रसाद उपाध्यायको *गिरिवरधारण* (२०२०) ले भक्ति धाराका कृतिहरूको प्रतिनिधित्व गरेको छ । नेपाली जन मानसमा निकै लोकप्रिय बनेको पौराणिक सन्दर्भ नेपाली पाठकलाई प्रस्तुत गर्ने लक्ष्यका साथ यस कृतिको रचना भएको छ । यस कृतिका माध्यमबाट नैतिक उपदेश, धार्मिक आस्था, आध्यात्मिक चेतना, पौराणिक सन्दर्भजस्ता मान्यताहरू विस्तार गरिएको छ ।

**शोककाव्य परम्परा**

यस जिल्लाका कविहरूले शोककाव्य लेख्ने पद्धतिलाई पनि अगाडि बढाएका छन् । मुरलीधर शर्मा पौडेलले *श्रद्धाञ्जली* (२०५४) कृतिबाट यस्तो लेखनलाई प्रवेश गराएका हुन् । यही परम्परमा उनकै *मातृस्मृति* (२०६०), पं. नारायणप्रसाद पौडेलको *श्रद्धाञ्जली* (२०५४) र शान्तिनारायण श्रेष्ठको *स्मृतिका लहरहरू* (२०६०) जस्ता कृतिहरू सृजित हुन पुगेका छन् (तिवारी, २०७४ख, पृ. ६९) । प्रबन्ध रचनाका दृष्टिले यी कृतिहरू पनि खण्डकाव्यकै समकक्षी रहेका छन् । शान्तिनारायण श्रेष्ठको *स्मृतिका लहरहरू* (२०६०) काव्यमा उनले जीवनमा भोगेको क्षणलाई विषयका रूपमा प्रस्तुत गरिएको छ (श्रेष्ठ, २०६०, पृ. ८ –९) । आफ्नै पीडाव्यथासँग यस्ता कृतिको सम्बन्ध जोडिएको पाइन्छ । यी कृतिहरूमा व्यक्तिगत विषयलाई सार्वजनिक गर्ने प्रयत्न गरिएको पाइन्छ । विषय त्यसैले खण्डकाव्यको परम्परामा यी कृतिलाई पनि समावेश गरिएको छ ।

पर्वत जिल्लाको खण्डकाव्य परम्परामा नेपाली साहित्यको खण्डकाव्यमा प्रचलित रहेका वीर धारा, भक्ति धारा, शृङ्गारिक धारा, परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा र समसामयिक धारालाई यस जिल्लाका खण्डकाव्यकारहरूले उपयोग गरेका छन् । यी विभिन्न लोकप्रिय धाराहरूमध्ये स्वच्छन्दतावादले प्रमुख स्थान ओघटेको छ । प्रगतिवादी धाराबाट पर्वत जिल्लाको खण्डकाव्य लेखन यात्रा अगाडि बढेको भए पनि स्वच्छन्दतावादी लेखनतर्फ नै कविहरूको झुकाव रहेको पाइन्छ ।

पर्वत जिल्लामा कविताको मझौला रूप मानिने खण्डकाव्यको रचना उल्लेख्य रूपमा नै भएको छ । सङ्ख्यात्मक तथा गुणात्मक दुवै किसिमबाट उल्लेख्य कृति रचना गरी नेपाली साहित्यको खण्डकाव्यको विकासमा पर्वत जिल्लाले उल्लेख्य योगदान दिएको छ । विविध प्रवृत्तिसँग जोडिएका यी कृतिहरू समग्र नेपालकै उपलब्धि हुन् । पर्वत जिल्लामा लेखिएका खण्डकाव्यमा लयगत विविधताको प्रयोग पाइन्छ । गद्य तथा पद्य दुवै ढाँचामा आबद्ध काव्यको रचना यहाँका कविले गरेका छन् । विषयको गहनतालाई सम्बोधन गर्ने किसिमबाट छन्दको उपयोग गरिएको छ । एकै सर्गमा प्रसङ्गवश अनेक छन्द प्रयोग गरेको छ (उपाध्याय, २०२०, पृ. भूमिका) । यसबाट पनि लयगत विविधता सिर्जना गर्ने सामर्थ्य यहाँका कविमा रहेको विषय स्पष्ट हुन्छ ।

**निष्कर्ष**

पर्वत जिल्लामा २०११ सालबाट सुरु भएको खण्डकाव्यलेखन परम्परामा प्रथम खण्डकाव्यकारको स्थान कालीभक्त पन्तले प्राप्त गरेका छन् । यिनै खण्डकाव्यकारद्वारा लिखित *किसान गीता* नामक कृतिले पहिलो खण्डकाव्यात्मक कृति बन्ने अवसर पाएको छ । यही परम्पराबाट विकसित पर्वत जिल्लाको खण्डकाव्यलेखन परम्पराले लामै इतिहास पार गरिसकेको छ । पर्वत जिल्लाको खण्डकाव्यमा निरन्तर नयाँ प्रवृत्ति र मान्यताले प्रवेश पाइरहेका छन् । यस जिल्लाका खण्डकाव्यकारहरूले नेपाली साहित्यको मूल प्रवाहमा विकसित वीर धारा, भक्ति धारा, शृङ्गारिक धारा, परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा र समसामयिक धारालाई आत्मसात् गर्दै काव्यकृतिको रचना गरिरहेका छन् । खण्डकाव्यलेखनका विभिन्न प्रवृत्तिलाई स्वीकार गरेका पर्वत जिल्लाका खण्डकाव्यकारले मुक्त तथा बद्ध दुवै लयढाँचाको प्रयोग गरेका छन् भने आख्यानात्मक तथा आख्यानमुक्त ढाँचाको पनि प्रयोग गरेका छन् । पर्वत जिल्लामा रचिएका खण्डकाव्य गुणात्मक तथा परिमाणात्मक दुवै दृष्टिले सबल रहेका छन् ।

## सन्दर्भसूची

उपाध्याय, केशवप्रसाद (२०६८). *साहित्य प्रकाश.* ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, नारायणप्रसाद (२०२०). *गिरिवरधारण.* पर्वत : स्वयम् ।

छोटा, प्रेम (२०५३). धवलागिरि अञ्चलका साहित्यकार र कृतिहरू. *मधुपर्क.* वर्ष २९. अङ्क ६. कार्तिक. पृ. २७।

छोटा, प्रेम (२०५५). *धवलागिरिका कवि र कविता.* पोखरा : अमृत शेरचन ।

तिवारी, प्रेमप्रसाद (२०६१). *पर्वत जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविता कृतिको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र . त्रि. वि. कीर्तिपुर ।

तिवारी, प्रेमप्रसाद (२०७४क). *पर्वत जिल्लाको कवितापरम्परा* . अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन. विश्वविद्यालय अनुदान आयोगको लघुअनुसन्धान प्रवर्धन कार्यक्रम (२०७२/२०७३). सानोठिमी भक्तपुर ।

तिवारी, प्रेमप्रसाद (२०७४ख). *पर्वत जिल्लाको खण्डकाव्य परम्परा* . अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन. अनुसन्धान व्यवस्थापन केन्द्र, बुटवल बहुमुखी क्याम्पस, बुटवल ।

थापा, मोहनहिमांशु (२०६६). *साहित्य परिचय.* ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, दैवज्ञराज (२०४५ क). सम्मतिका दुई शब्द. *दीपक.* पर्वत : धनराज प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५६) *माधव घिमिरेका विशिष्ट खण्डकाव्य.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, तुलसीप्रसाद (२०४५ख). *प्रणयवियोग.* पर्वत : धनराज प्रकाशन ।

शर्मा, कृष्णदेवी (२०६२). *स्मृतिको एक झिल्को.* नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

शर्मा, गोमा (२०४३). *तिरस्कृत आत्मा,* काठमाडौं : भागीरथ काफ्ले ।

शर्मा, गोमा (२०४६). *अञ्जु.* काठमाडौं : भागीरथ काफ्ले र गार्गी शर्मा ।

शर्मा, टीकाराम (२०४५ क). *दीपक.* पर्वत : धनराज प्रकाशन ।

शर्मा, टीकाराम (२०४५ ख). *प्रणयवियोग.* पर्वत : धनराज प्रकाशन ।

श्रेष्ठ, शान्तिनारायण (२०६०). *गुप्तेश्वर.* दो.सं.. पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय ।

श्रेष्ठ, शान्तिनारायण (२०६०). *स्मृतिका लहरहरू.* पर्वत : सङ्गीता श्रेष्ठ ।